**गैरआवासीय नेपाली संघ**
**विधान व्याख्या समितिको कार्यविधी - २०१८**

**प्रस्तावना:**

गैरआवासीय नेपाली संघ अन्तर्राष्ट्रिय समन्वय परिषद्को विधान तथा विधान अन्तर्गत बनेका बिनियम, आचारसंहिता तथा संघका अन्य कुनै वैधानिक दस्तावेजको कुनै दफा वा उपदफा अस्पष्टता भएमा वा यसमा भएको ब्यवस्थालाई लिएर संघमा कुनै वैधानिक विवाद आएमा सो बारे अध्यन गरी आवश्यक निर्णय दिनको लागी संघको विधानको परिच्छेद ९ को धारा ३१ बमोजिम गठन भएको एक अधिकार सम्पन्न 'विधान व्याख्या समिती' को कार्यविधी बनाई संघको मिति २०७४। । मा सम्पन्न भएको अन्तर्राष्ट्रिय समन्वय परिषदको बैठकले निर्णय गरि लागु गरिएको छ।

१. **नाम र प्रारम्भ :**

यस कार्यविधीको नाम **"गैरआवासीय नेपाली संघ विधान व्याख्या समितिको कार्यविधी - २०१८"** रहने छ। यस नियमावली अन्तर्राष्ट्रिय समन्वय परिषदबाट निर्णय भए लगत्तै लागु हुनेछ।

२. **परिभाषा:**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधीमा –

"संघ" भन्नाले गैरआवासीय नेपाली संघलाई जनाउंने छ।

"समिति" भन्नाले संघको विधानको परिच्छेद ९ को धारा ३१ बनेको "विधान व्याख्या समिति" समितिलाई जनाउंने छ।

"सभापति" भन्नाले विधान व्याख्या समितिको सभापतिलाई जनाउंने छ।

"सदस्य" भन्नाले विधान व्याख्या समितिका सदस्यहरुलाई जनाउंने छ।

"विवाद" भन्नाले संघको बिधान तथा यस अन्तरगत बनेका नियमावलीको बिषयमा आउने वैधानिक विवादलाई जनाउनेछ।

"निवेदक" भन्नाले विधानको व्याख्या गर्न वा वैधानिक विषयमा अध्यन गर्न लिखित निवेदन दिने व्यक्ति वा संस्थालाई जनाउंने छ।

"सरोकारवाला" भन्नाले समितीमा परेको उजुरी वा निवेदनको बिषयबाट असर पर्ने वा पर्नसक्ने ब्यक्ती वा संघ, संस्थालाई जनाउने छ।

"निर्णय" भन्नाले समितिमा छलफल गरी यसलाई अन्तिम रुप दिई सभापतिले हस्ताक्षर गरेको वा लिखित रुपमा इमेल मार्फत अन्तर्राष्ट्रिय समन्वय परिषद वा सरोकारवालालाई उपलब्ध गराईएको दस्तावेजलाई जनाउंने छ।

३. संघको विधानको धारा ३१ अन्तर्गत अन्तर्राष्ट्रिय समन्वय परिषदले एक सभापती सहित तिन सदस्य रहेको विधान व्याख्या समिति गठन गर्नेछ।

४. संघको विधान तथा विधान अन्तर्गत बनेका विनियम, आचारसंहिता तथा संघका अन्य कुनै वैधानिक दस्तावेजको कुनै दफा वा उपदफा अस्पष्टता भएमा वा संघमा अन्य कुनै वैधानिक विवाद आएमा सो को अध्ययन गरी निर्णय दिन संघको महासचिवले समितिमा आवश्यक कागजातका साथ एक निवेदन पेश गर्नेछ । अन्तर्राष्ट्रिय समन्वय परिषद स्वयमले विधानको अपव्याख्या गरेको वा विधानसँग बाँझिने गरी कुनै निर्णय गरेको समितिले महसुस गरेमा यस बारे परिषदसँग जवाफ लिई आवश्यक निर्णय लिन सक्नेछ ।

५. निवेदकले समितीका सभापतिलाई इ-मेल मार्फत वा अन्य उपयुक्त माध्यमबाट निवेदन दर्ता गराउन सक्ने छ । निवेदनको वोधार्थ समितिका सदस्यलाई तथा अन्तर्राष्ट्रिय समन्वय परिषदका अध्यक्ष र महासचिवलाई समेत दिनु पर्नेछ ।

६. समितिमा परेको निवेदन प्राप्त भएको मितिबाट सामान्यतया १५ दिन भित्र सभापतिले अनिवार्य रुपमा समितिको वैठक आव्हान गर्नुपर्ने छ ।

७. समितिमा परेको निवेदन सान्दर्भिक, जायज वा उपयुक्त छ छैन हेरी यस बारेमा समितिले पुनरविचार गरी कारवाही अघि बढाउने वा नबढाउने निर्णय गर्न सक्नेछ ।

८. सामान्यतया बैठकको निर्णय सहमतिमा गरिने छ । कारणबस सहमति हुन नसकेमा बहुमतबाट भएको निर्णय मान्य हुनेछ ।

९. समितिमा पेस भएको निवेदनका सम्बन्धमा थप छानविन वा अध्ययन गर्नु पर्ने देखिएमा सभापति स्वंयले, कुनै विज्ञ अथवा समितका कुनै सदस्यलाई अनुसंधान अधिकृत तोक्न सक्नेछ ।

१०. समितीमा परेको निवेदन वा उजुरीका सम्बन्धमा छानविन गर्दै जांदा समितीलाई आवश्यकता परेमा सम्बन्धित व्यक्ति, संस्था तथा आवश्यक निकायसंग समितिले यथार्थ बस्तुस्थिति बुझ्न तथा आवस्यक कागजात पेश गर्न लगाउन सक्ने छ । समितीले संघ, संघको पदाधिकारी वा सदस्य संग कुनैकुरा माग गरेमा वा बुझ्न चाहेमा सो माग गरेको वा बुझ्न चाहेको बिषयको जवाफ उपलब्ध गराउनु संघ, संघको पदाधिकारी वा सदस्यको दायित्व र कर्तब्य हुनेछ ।

११. कुनै बैधानिक विवादको बिषयलाई लिएर समितिमा परेको निवेदनको अन्तिम टुंगो नलागेसम्म समितिबाट भएका सबै कार्यहरु गोप्य रहने छन । छानबिन नसकिए सम्म यस्तो निवेदनका बारेमा सार्वजनिक रुपमा कुनैपनि टिका, टिप्पणी वा छलफल गर्ने, गर्न पाईने छैन ।

१२. समितीमा परेको निवेदनबाट कुनै ब्यक्ती वा संस्थालाई असर पर्ने भएमा यस्तो असर पर्ने व्यक्ति वा संस्थालाई समिति समक्ष आफ्नो भनाई राख्न वा सफाई पेश गर्न बढीमा ७ दिनको समय प्रदान गरि मौका दिन सकिनेछ।

१३. समितिको एउटा लिखित निर्णय पुस्तिका अथवा विद्युतिय माध्यामबाट हुने निर्णय पुस्तिका हुने छ। जसको प्रमाणित सभापतिले गर्नु पर्ने छ।

१४. समितीमा परेको उजुरी वा निवेदन उपर भएको समितीको निर्णय समितीका सभापतीले गैरआवासीय नेपाली संघ अन्तर्राष्ट्रिय समन्वय परिषदका महासचिवलाई उपलब्ध गराउनु पर्ने छ र यसको वोधार्थ संघको अध्यक्ष र समितिका सदस्यलाई समेत दिईनेछ।

१५. समितिले निर्णय गरी पठाएको निर्णय सहीतको पत्र प्राप्त भएको मितिले १५ दिन भित्र अन्तर्राष्ट्रिय समन्वय परिषदले कार्वावन्यन गर्नु पर्नेछ।

१६. समितिले गरेको निर्णय अन्तिम हुने छ र यसका बिरुद्दमा कही कतै उजुर लाग्ने छैन।

॥ समाप्त ॥